**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 6, Volume 6, Issue 1, Dec. 2024
Solukhumbu Multiple Campus Research Development and Management Committee

# माध्यमिक नेपाली भाषापाठ्यपुस्तकका अभ्यासमा पर्याशैक्षणिक दृष्टि

**डा. राजेन्द्र खनाल**

*Article History : Submitted 16 Sept. 2024; Reviewed 13 Oct. 2024; Accepted 15 Dec. 2024*
*Author : Dr. Rajendra Khanal Email: sauravabhirkgmail.com*
*DOI: https://doi.org/10.3126/smcrj.v6i1.74546*

### लेखसार

*प्रस्तुत लेखमा माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा समाविष्ट अभ्यासमा प्रविष्ट पर्यावरणीय सन्दर्भको पहिचान र विश्लेषण गरिएको छ । गुणात्मक ढाँचामा आधारित प्रस्तुत लेखमा कक्षा नौ र दशका नेपाली पाठ्यपुस्तकमा समाविष्ट पर्यावरणीय सन्दर्भ रहेका मुख्य, संरचनापरक र पूरक अभ्यास प्राथमिक स्रोत बनेका छन् भने सम्बद्ध सैद्धान्तिक ग्रन्थलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ। आलोचनात्मक विश्लेषण प्रक्रिया अपनाइएको यस लेखमा निर्दिष्ट पुस्तकमा पर्यावरणीय सन्दर्भ समावेश भएका प्रत्येक अभ्यास मूल तथ्य बनेका छन् । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा राखिएका पाठगत, व्याकरणगत र सिर्जनात्मक क्षेत्रका जम्मा १३ ओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ प्रविष्ट भएको पाइएको छ । तीमध्ये जम्मा चारओटा अभ्यास पर्याचेतमा केन्द्रित छन् नौओटामा पर्यावरणीय सन्दर्भ मात्र रहेका छन् । कक्षा दशका पाठ्यपुस्तकका छओटा अभ्यासमा पर्यावरणीय पक्ष समावेश भएका छन् । तीमध्ये पाँचओटा अभ्यासमा पर्यावरणीय विषयवस्तु रहेका छन् भने एउटा अभ्यासमा पर्याचेतलाई सोद्देश्यमूलक किसिमले समावेश गरिएको छ । यसरी कक्षा दशमा जम्मा छओटा अभ्यास मात्र पर्यावरण क्षेत्रसँग सम्बद्ध छन् । तुलनात्मक दृष्टिले कक्षा नौमा जम्मा १३ ओटा अभ्यास पर्यावरणीय सन्दर्भसहित रहेकामा चारओटामा पर्याचेतमा सबल छन् भने कक्षा दशमा छओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ रहेकामा एउटा अभ्यासमा मात्र पर्याचेत रहेको छ। कक्षा दशका तुलनामा कक्षा नौको पाठ्यपुस्तकमा समाविष्ट अभ्यास पर्यावरणीय दृष्टिले उपयुक्त देखिन्छन् । निर्दिष्ट पाठ्यपुस्तकका अभ्यासमा पर्याशैक्षणिक सन्दर्भ र पर्याचेतकेन्द्री पक्षको सीमितता रहेको पाइएको छ।*

**शब्दकुञ्जी :** पर्याचेत, पर्यावरण,पर्यावरण संरक्षण, पर्याशैक्षणिकता, पर्यावरण सन्तुलन

## विषयप्रवेश

'पर्यावरण' भनेको जल, जमीन, हावाको समष्टि हो अर्थात् वातावरण हो । यी पक्षले नै मानव सभ्यता तथा विकासको स्रोत निर्माण गरेका मात्र छैनन् समग्र प्राणी तथा मानवजीवनको अस्तित्व कायम गरेका छन् । अर्कातर्फ मानवका जीवनव्यवहारले उक्त पक्षको प्रवर्धन तथा सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका पर्यावरणबिच अभेद्य सम्बन्ध छ भन्ने सन्दर्भ भट्टराई (२०७०) ले उल्लेख गरेका छन् । पर्यावरणले जैविक विविधताको समष्टि रूपलाई समेत जनाउँछ । शाब्दिक रूपमा पर्यावरणले कुनै व्यक्ति, वस्तु वा विषयको वरिपरिको स्थिति, वातावरण परिवेशलाई बुझाउँछ।

पर्यावरणले मानव निर्मित जगत्भन्दा माथिको प्राकृतिक संरचनालाई जनाउँछ । यसअन्तर्गत समग्र बह्माण्ड जगत् पर्छ । प्रयोगसन्दर्भका आधारमा यसले पारिस्थितिक पद्धतिसँग निकटको अर्थबोध गराउँछ । नेपाली बृहत् शब्दकोश (२०७५) मा 'पर्यावरण' लाई कुनै वस्तु, विषय, व्यक्ति आदिको स्थिति, वातावरण तथा चारैतिर फैलिएको वा रहेको हावापानी भनी उल्लेख गरिएको छ। त्यस्तै, ग्लोटफेल्टी एन्ड फ्रोम (१९९६) द्वारा जैविक प्रक्रियाहरूको समष्टिगत रूपलाई पर्यावरणको रूपमा अर्थ्याइएको छ। तसर्थ मानिस र पर्यावरण आपसमा सम्बन्धित देखिन्छन्।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा तथा प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ। जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ। औगोगिक क्रान्तिले फेरि पारिस्थितिक अवधारणाको पुनर्निर्माण गरिदियो । औद्योगिक विकास, आर्थिक उन्नति र मानव हित जस्ता पक्षहरूले प्राथमिकता पाउन थाल्यो । यसै सन्दर्भमा पर्यावरणीय सङ्कटप्रति चिन्ता व्यक्त गर्दै मानवीय व्यवहार र पर्यावरणबिचको सम्बन्धको विविध पक्ष र पाटाको उजागर गर्ने साहित्य समालोचनाको नवीन विषयलाई पर्यावरणीय समालोचना भनिन्छ। यो मानवकेन्द्री नभई जीवकेन्द्री र पर्यावरणकेन्द्री समालोचना हो 'अङ्ग्रेजी भाषामा प्रचलित 'इकोक्रिटिसिज्म' शब्द 'इकोलोजिकल क्रिटिसिज्म' को सङ्क्षिप्त रूप हो। यसलाई बुझाउन नेपालीमा 'पर्यावरणीय समालोचना' को प्रयोग गरिन्छ। यसलाई पर्यावरणीय काव्यशास्त्र, वातावरणीय साहित्य अध्ययन, वातावरणोन्मुख, समालोचना, हरित साहित्य अध्ययन, हरित सांस्कृतिक अध्ययन, हरित व्याकरणजस्ता नामहरूबाट पनि चिनिन्छ' (एटम, २०७६, पृ. ३११)। पर्यावरणीय अध्ययन इकोलोजीको प्रमुख अध्ययनशास्त्र बनेको देखिन्छ।

इकोलोजी को अर्थ जीवविज्ञानको पाारिस्थितिकीसँग सम्बन्धित रहेको छ जनाइएको छ । पर्यावरणीय अध्ययन साहित्य र भौतिक वातावरणबिचको अध्ययन हो (ग्लोटफेल्टी एन्ड फ्रम १९९६, पृ. ह्क्क्क्क्) भन्ने मान्यताले पर्यावरणीय अध्ययनले मूलतः पाठ या कृतिमा प्रस्तुत गरिएको पर्यावरणीय सन्दर्भ तथा तत्सम्बन्धी चेतनाको विश्लेषणलाई प्राधान्य दिन्छ। मानिस चेतनशील र विवेकशील प्राणी हो। मानिसको चेतनशीलता र प्राणी जगत्मा रहेको सर्वश्रेष्ठताका कारण पृथ्वीमा उसको आधिपत्य बद्दै गएको छ। समस्त प्राणी र वनस्पति जगत्को साझा बसोबासस्थलकारूपमा रहेको यस पृथ्वीमा मानव क्रियाकलापहरूले प्राकृतिक विकास र स्वतन्त्रता खण्डित भएको छ (थपलिया, २०७५) । मानिसले आफ्नो चेतनालाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्नेमा स्वार्थपूर्ण ढङ्गले प्रयोग भएको देखिन्छ। मानिसका समग्र क्रियाकलापहरू मानवको हितमा मात्र केन्द्रित गरिएकाले प्रकृति बेवास्तामा परेको छ । प्रकृतिप्रतिको उपेक्षाका कारण प्रकृति जगत् र स्वयम्

मानिसको अस्तित्व पनि सङ्कटमा परेको छ। पर्यावरणको संरक्षण गर्ने कार्यले पनि मानवकै हित हुने भए पनि मानिसले तात्कालीन हितलाई बढी प्राथमिकता दिँदा पर्यावरण संरक्षण ओझेलमा परेको हो। मानव जगतको दीर्घकालीन हितलाई जोड दिँदै पर्यावरणको दिशामा अग्रसर साहित्यिक कृतिमा रहेका चेनाको खोजी, विश्लेषण र तिनलाई महत्त्व प्रदान गर्ने कार्य पर्यावरणीय समालोचनाले गर्दछ। मानवकेन्द्री चिन्तनलाई महत्त्व नदिई साहित्यिक कृतिमा रहेको प्रकृतिकेन्द्री चेतनाप्रतिको खोजीमा पर्यावरणीय समालोचनाले ध्यान केन्द्रित गर्छ।

पर्यावरण र मानिसबिच या समग्र प्राणीबिच अभेद्य सम्बन्ध रहेकाले पर्यावरणीय पक्ष र मानवबिचमा परस्पर सम्बन्ध केलाई र पर्यावरणीय सचेतनाको पक्ष उद्घाटन गर्ने कार्य आवश्यक हुन्छ। साथै पर्यावरणीय सचेतता निर्माणमा सजग हुनुपर्ने पनि देखिन्छ। प्रस्तुत लेखमा मुख्य पाठहरूमा आधारित अभ्यास, सिपगत एवम् पूरक अभ्यासमा समाविष्ट वातावरणीय सन्दर्भ तथा सचेतताको स्थिति पहिल्याई विश्लेषण गरिएको छ। पर्यावरण तथा मानवबिचको सहसम्बन्धका सवालमा सचेतता निर्माणको आवश्यकता बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा औपचारिक र शैक्षणिक दृष्टिले तयार पारिएका पाठ्यपुस्तकको पर्यापरणीय दृष्टिले मूल्याङ्कन गरी सचेतता निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएकाले प्रस्तुत लेखको औचित्य स्थापित हुने अपेक्षा गरिएको छ।

**पाठ्यपुस्तकमा अभ्यास र पर्याशैक्षणिकता**

भाषाशिक्षणको अत्यन्त उपयोगी र आधारभूत सामग्री भाषा पाठ्यपुस्तक भएकोले यसले पाठ्यक्रममा भाषिक उद्देश्य पूरा गर्ने गरी अभ्यासहरूको उपयुक्तव्यवस्था मिलाउनु अत्यन्त आवश्यक छ । भाषा पाठ्यपुस्तकका प्रत्येक पाठमा पाठअनुरूप विभिन्न अभ्यासहरू गराउनमा जोड दिनुपर्छ (अधिकारी, २०६७, पृ.१५) । प्रत्यक्ष अभ्यास त पाठअनुसारका बनाउनु पर्छ तर शब्दभण्डार, व्याकरण वा भाषिक संरचना र सिर्जनात्मक लेखनका अभ्यासमा विद्यार्थीलाई सामाजिक सांस्कृतिक एवम् मनोवैज्ञानिक पक्षका साथमा पर्यावरणीय सन्दर्भसँग सम्बद्ध विषयमा केन्द्रित अभ्यास गराउँदा उनीहरूमा तत्तत् क्षेत्रप्रति पनि सचेतता विकास हुँदै जान्छ । भाषापाठ्यपुस्तकका अभ्यास मूलतः सिपकेन्द्री हुनुपर्छ तथापि तिनमा प्रयोग गरिने पाठबाहेकका विषयवस्तु पनि हुने भएकाले पर्याशैक्षणिक पक्षलाई प्रविष्ट गर्न सकेमा विद्यार्थीमा पर्यावरणीय क्षेत्रको सूचना एवम् सचेतना विकास हुँदै जान्छ । भाषापाठ्यपुस्तकका अभ्यासमा भाषिक सिप र विषयवस्तुगत प्राप्तिलाई समुचित सन्तुलनका साथ प्रयोग गर्न योजनाबद्ध प्रयास हुनु जरुरी हुन्छ (ढकाल, २०७३, पृ १९४)। प्रत्येक पाठका अन्त्यमा राखिएका नमुना अभ्यासहरू कक्षाको स्तर, विद्यार्थीको क्षमता, रुचि र सिकाइ प्रवृत्तिअनुरूप तय गरी स्तरीकरण गर्नु आवश्यक हुन्छ।

भाषापाठ्यपुस्तकमा समावेश गरिएका अभ्यास विषयवस्तुसँग पूर्णतः सम्बद्ध हुन्छन् भने विद्यार्थीमा सिकाइ सक्षमता परीक्षण एवम् विकासमा केन्द्रित हुन्छन्। भाषापाठ्यपुस्तकमा मौखिक अभ्यासका मौखिक अभ्यासका साथै स्तरअनुसारका व्याकरणात्मक र सिर्जनात्मक अभ्यासहरू पनि राखिनु उपयुक्त हुन्छ (ढुङ्गेल र दाहाल, २०७४, पृ १३२)। कक्षामा विद्यार्थीहरूको मौखिक अभिव्यक्ति र तार्किक क्षमता विकासका लागि वक्तृता तथा वादविवाद गराउँदा पनि पर्याशैक्षणिक सन्दर्भलाई जोड्न सकेमा पर्यावरणीय पक्षप्रतिको सचेतना अभिवृद्धि हुने अपेक्षा गर्न सकिन्छ। अभ्यास स्तर र आवश्यकता हेरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ सबैको

सन्तुलित अभ्यास हुने गरी व्यवस्था मिलाउनुपर्छ। हरेक पाठपछि उपयुक्त एवम् पर्याप्त अभ्यासको व्यवस्था मिलाउनुपर्छ। विधागत विविधताअनुरूप भाषा प्रयोगकर्ता विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी अभ्यासहरूको सचेत व्यवस्था मिलाउनुपर्छ। पर्यावरणीय सचेतता निर्माणमा सजग हुनुपर्ने पनि देखिन्छ।

पर्यावरणीय सन्दर्भलाई केन्द्र बनाइएको शैक्षणिक प्रक्रिया नै पर्याशैक्षणिकता हो । अङ्ग्रेजीको 'इकोपेडागोजी' शब्दको नेपाली रूपान्तर पर्याशैक्षणिकता हो। 'पर्याशैक्षणिकता' नेपालीमा त्यति प्रचलनमा आइसकेको छैन। यसको मूल विचारसँग सम्बद्ध साहित्य विश्लेषणको शास्त्र पर्यावरणीय समालोलना अर्थात् इकोक्रिटिसिज्म वा पर्यासमालोचना भने प्रयोगमा आई अध्ययन अनुसन्धान भइरहेको छ। 'पर्याशैक्षणिकता' शब्दले शिक्षण र पर्यावरणीय पक्षबिचको अन्तरसम्बन्ध एवम् सहकार्यलाई जनाउँछ। शिक्षणका सन्दर्भमा उपयोग गरिने पाठ्यसामग्री, शिक्षण कौशल, शैक्षिणिक सामग्री, अभ्यास तथा प्रयोगात्मक व्यवहारमा प्रविष्ट पर्यावरणीय सन्दर्भ नै पर्याशैक्षणिकता हो । कक्षा शिक्षण सिकाइमा पर्यावरणको उपयोग, संरक्षण तथा प्रवर्धनका लागि सचेतनालाई प्राधान्य दिइन्छ। पर्यारणीय संरक्षण एवम् सन्तुलनको सचेतनालाई पर्याचेतका रूपमा अर्थ्याउन सकिन्छ। यसले पर्यावरणीय पक्षबिचको अन्तरसम्बन्ध, पर्यावरणमा मानिसको भूमिका तथा अन्तरसम्बन्ध, तिनको संरक्षण एवम् सचेतना आदि सवाललाई प्राधान्य दिन्छ।

पर्याशैक्षणिकताले शैक्षणिक व्यवहार, सिकाइ तथा प्रकृतिबिचको सहसम्बन्ध विकासमा मदत पुऱ्याउँछ। पर्याशैक्षणिकतामा पृथ्वीसँग सन्तुलन कायम गर्दै सामाजिक तथा पर्यावरणीय सम्बन्धका बारेमा शैक्षिक गतिविधि केन्द्रित गर्नुपर्छ (मिसियजेक, २०२२, पृ. २६) । पर्याशैक्षणिकताले पारिस्थितक प्रणालीहरूलाई एकीकृत गर्न सिकाउँछ । मानिसलाई स्वन्तन्त्रताको जत्ति महत्त्व छ त्यति नै प्रकृतिका प्रत्येक प्राणी र वनस्पतिलाई पनि स्वतन्त्रताको महत्त्व छ । तसर्थ विद्यार्थीलाई पृथ्वी मानिसको मात्र हो भन्ने परम्परित मानसिकता, जीवनशैली तथा संस्कृतिका विरुद्धमा आलोचनात्मक दृष्टि राख्दै सबै प्राणी एवम् वनस्पतिको स्वन्त्रता एवम् अस्तित्वका बारेमा चिन्तन गर्न सक्ने बनाउनु पर्याशैक्षणिकताको मूल ध्येय हो (कान, २०१०, पृ १३६)। शैक्षणिक क्षेत्रमा पर्यावरणीय पक्षको सान्दर्भिक प्रयोग आलोचनात्मक शैक्षणिकतासँग सम्बन्धित गर्न सकिन्छ। शैक्षिक अभ्यासमा पर्यावरणीय सचेतना सामाजिक न्यायको बढावा दिने कार्यका रूपमा पनि चिन्न सकिन्छ । यसले भूमण्डलीकरणबाट निर्मित कृत्रिम विकासका विरुद्धमा मौलिकताको खोजी गर्छ । पर्याशैक्षणिकताले पारिस्थितिक प्रणालीको प्राकृतिक र स्वाभाविक विकासमा बढावा दिन्छ। शिक्षकहरूले समाज र वातावरण बिचको अन्तरसम्बन्धका विषयवस्तुलाई कक्षामा अन्तर्क्रियाको विषयवस्तु बनाउनुपर्छ भन्ने मान्यता राख्छ। पर्याशैक्षणिक मूल्य प्रत्येक व्यक्तिले सामाजिक र वातावरणीय न्यायका बारेमा चिन्तन गर्दै पृथ्वीका जैविक प्रजातिहरूको पारिस्थितिक गतिमा न्यायोचित व्यवहार सम्पादनमा केन्द्रित रहन्छ (कान, २०१०, पृ.१५२)। यसले ब्रह्माण्डीय अन्तरसम्बन्ध र चेतनाका विषयमा शिक्षक विद्यार्थीबिचको अन्तर्क्रियाको अपेक्षा राख्छ। विद्यालय र समाज दुवैतिर पर्यावरणीय पक्षसँग सम्बद्ध विषयवस्तुमा साक्षर र सचेत बनाउनु र विद्यार्थीलाई वातावरणीय संरक्षणका कार्यकलापमा प्रवृत्त गराउनु पर्याशैक्षणिकताको खास उद्देश्य हो। यसमा कक्षाको वातावरण पर्यावरणीय संवेदनशीलता र सचेततामा केन्द्रित गराउनुपर्छ भन्ने मान्यता राखिन्छ। यसले प्राकृतिक पारिस्थितिकी र सामाजिक पारिस्थितिकीका विषयवस्तुलाई स्पष्ट गर्दै तिनको स्वाभाविक अन्तरसम्बन्ध, चक्रीय प्रणाली तथा मानवीय भूमिकाका बारेमा सुसूचित गर्छ। पृथ्वीमा रुख, चराचुरुङ्गी,

जनावर, नदी, समुद्र आदि पर्यावरणीय पक्ष नभएको भए मानिसको अस्तित्व सम्भव थिएन । शैक्षणिक सन्दर्भमा शिक्षक उक्त पारिस्थितिकीको अन्तरसम्बन्धका बारेमा स्पष्ट दृष्टिकोणका साथ विद्यार्थीहरूलाई सचेत एवम् संवेदनशील बनाउन उद्दत हुनुपर्छ (फ्रेरे, २००५, पृ.८२) । यस मान्यताअनुसार शिक्षण सिकाइ कार्य सम्पादन गर्दा सामाजिक र प्राकृतिक वातावरणको बारेमा सिकाउने, सामाजिक र प्राकृतिक वातावरणमा शिक्षण गर्ने, सामाजिक तथा प्राकृतिक वातावरण मार्फत शिक्षण गर्ने विधि एवम् प्रक्रिया अवलम्बनमा प्राथमिकता दिइन्छ। साथै पर्यावरणीय सन्दर्भलाई दिगो विकासका लक्ष्यका मूल कार्यक्रमसँग एकीकृत गर्नका लागि जोड दिन्छ।

प्राणी र पर्यावरणको आपसी सम्बन्धले नै सृष्टिको अस्तित्व गतिशील भएकाले पर्यावरणीय तत्त्वहरूको अस्तित्व रक्षा, सन्तुलन एवम् प्रवर्धनप्रति सचेत बन्नुपर्छ । यसका लागि साहित्य, पाठ्यपुस्तक, सामाजिक व्यवहार, सांस्कृतिक मूल्य आदि सबै पक्षमा तिनको उपयोगिता र महत्त्व देखाउनु आवश्यक हुन्छ। पर्यावरणीय चेतना साहित्यमा महत्त्वका साथ प्रस्तुत गर्नुपर्छ (गौतम, २०६९) । पर्यावरणीय सन्दर्भ मानिसको सांस्कृतिक पक्षसँग पनि सम्बन्धित छ (एटम, २०६९)। उत्तरऔपनिवेशिक प्रवृत्तिले पर्यावरणमाथि प्रभाव पारिरहेको छ ( रेग्मी, २०६९) । पर्यावरणीय चिन्तन एवम् सचेततामा स्वच्छन्दतावादीहरू प्रकृतिका विविध पक्ष वा पर्यावरणसँग निकट भई सिर्जना गर्न लालायित हुने र स्वच्छन्दतावादी सिर्जनाले पर्यावरणको मित्रवत् परख गर्ने (भट्टराई, २०७०) भएकाले स्वच्छन्द साहित्यको पर्यावरणीय दृष्टिले उपयुक्त हुन्छ । पर्यावरण र नारीलाई पितृसत्ताको प्रतिनिधि राज्यसत्ताले प्रतिस्पर्धात्मक रूपमा उपभोग गरी तिनको अस्तित्वलाई सङ्कटमा पारेर आफ्नो प्रभुत्व कायम गरेको हुँदा त्यसतर्फ सचेततापूर्वक प्रतिरोध गर्नुपर्छ (एटम, २०७७)। पितृसत्ताको प्रभुत्व र युद्धजनित विध्वंस एवम् विस्थापनले पर्यावरणीय पक्षमा ह्रास आइरहेको हुन्छ। त्यस्ता प्रभुत्व र विध्वंशका विरुद्धमा पनि आवाज उठाउनु आवश्यक छ।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा तथा प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ। जनसङ्ख्या वृद्धि हुँदै गएपछि यस क्रममा बढोत्तरी आउँछ। औगोगिक क्रान्तिले फेरि पारिस्थितिक अवधारणाको पुनर्निर्माण गरिदियो । औद्योगिक विकास, आर्थिक उन्नति र मानव हितजस्ता पक्षहरूले प्राथमिकता पाउन थाल्यो । प्रकृतिले प्राणी तथा वनस्पतिका आआफ्नै जीनन चक्र दिएको छ, तिनको सृष्टि तथा जन्म र अन्त्य वा मृत्युमात्र होइन तिनीहरूका माटो, पानी, हावा आदिमा सम्मिलनको प्राकृतिक नियम नै छ। त्यस्ता स्वाभाविक गतिमाथि मानिसको सकारात्मक सहयोग हुनु आवश्यक छ। मानिसले तिनको संरक्षण गर्न सक्नुपर्छ। पारिस्थितिक प्रणालीको स्वाभाविक गतिमा मानिसबाट नियन्त्रण र बाधा होइन कि सकारात्मक सहयोग हुनुपर्छ (ट्यालर, २०११, पृ. ४६)। तसर्थ प्रकृतिले मानिसबाट अभिभावकीय भूमिकाको अपेक्षा गर्छ।

मानिसको चेतनशीलता र प्राणी जगत्मा रहेको सर्वश्रेष्ठताका कारण पृथ्वीमा उसको आधिपत्य बढ्दै गएको छ । समस्त प्राणी र वनस्पति जगत्को साझा बसोबासस्थलका रूपमा रहेको यस पृथ्वीमा मानव क्रियाकलापहले प्राकृतिक विकास र स्वतन्त्रताको हनन् भएको छ (थपलिया, २०७५) । मानिसले आफ्नो चेतनालाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्नेमा स्वार्थपूर्ण ढङ्गले प्रयोग भएको देखिन्छ। मानिस र प्रकृतिका बिचमा जैविक, आर्थिक तथा भावनात्मकलगायतका अनेक पक्षमा सम्बन्ध रहँदै आएको पाइन्छ। मानिस प्रकृतिकै अंश भएकाले ऊ हरेक किसिमले प्रकृतिसँग सम्बन्धित रहेको छ। मानिसले पर्यावरणप्रतिको आफ्नो

दायित्व पूरा गर्न सकेको छैन । असन्तुलित, स्वार्थपूर्ण र अति प्रयोग गरेका कारण प्रकृति जगत् विनाशको चपेटामा परेको छ। मानिस जिम्मेवारविहीन र विवेकहीन बन्दा प्रकृति जगत् र स्वयम् मानिसकै अस्तित्व पनि सङ्कटमा परेको छ।

जीव र प्राणीको अन्तरनिर्भरताको वर्णन गर्ने पारिस्थितिक पद्धतिको सङ्कटप्रति मानिसको चासो र चिन्ता कम हुँदै गएको छ। प्रकृति विनाशका गतिविधिहरूका साथसाथै यसको संरक्षणप्रतिको चिन्ता र चासो पनि क्रमशः बढ्दै गएको पनि पाइन्छ । सुरुवातमा धार्मिक कोणबाट पर्यावरण संरक्षणको चिन्तन अगाडि आएको पाइन्छ । वैज्ञानिक चेतनाको विकास भएपछि वातावरण शिक्षाको माध्यमबाट वातावरण शिक्षाका सहायताले वातावरण रक्षाका लागि चेतना फैलाउन थालियो । वातावरणीय सङ्कट बढ्दै गएपछि यसको संरक्षणका लागि संस्थागत र विश्वव्यापी अभियानहरू सञ्चालन गरियो । ज्ञानका विभिन्न क्षेत्रमा यसको चेतना फैलियो। सन् १९६० देखि यसले साहित्य समालोचनाका क्षेत्रमा प्रवेश पायो।

पर्यासमालोचनाको उद्देश्य प्रकृति र मानव सम्बन्धको ज्ञान प्रदान गर्ने, कृतिमा वर्णित वातावरणीय पक्षहरूको उजागर र महत्त्व प्रदान गरी पर्यावरण संरक्षणका लागि योगदान दिनु हो। मानवका जीवनव्यवहारले उक्त पक्षको प्रवर्धन तथा सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेकाले तसर्थ मानव तथा पर्यावरणबिच अभेद्य सम्बन्ध (भट्टराई, २०७०) हुन्छ । प्रकृति र मानवीय क्रियाकलापबिचको सम्बन्ध प्रगाढ हुने भएकाले पर्यावरणीय स्वच्छतातर्फ मानिस अग्रसर हुनुपर्छ। पर्यावरणबाट मानिस र मानिसबाट पर्यावरणको अस्तित्व रक्षा हुन्छ (थपलिया, २०७५) प्रकृति र मानवीय क्रियाकलापको सम्बन्धको विश्लेषणका साथै पर्यावरणीय सन्दर्भमा प्रकृति र नारी सम्बन्ध अझ सुमधुर हुन्छ। ग्रामीणपन प्रकृतिसँग मानवीय सम्बन्ध मौलिक रहेको तर सहरिया परिवेशमा मानिस र पर्यावरणबिच अन्तरसम्बन्ध कायम हुन नसकेको स्थिति छ (न्यौपाने, २०७९)। पर्यावरण र मान्छेका बिचको सम्बन्ध तथा मान्छे पर्यावरणबाट भिन्न रहेर आफ्नो अस्तित्व कायम गर्न नसक्ने हुनाले मानिस र पर्यावरणका बिचमा घनिष्ठ सम्बन्ध रहेको छ (पोखरेल, २०७६) । पहिले मानिस र प्रकृतिबिचको प्रगाढ सम्बन्ध कायम थियो भने अहिले मानिसका गतिविधिले प्रकृतिसँगको त्यो सम्बन्ध बिग्रिएको छ, मानिसका क्रियाकलापका कारण प्रकृतिको स्वाभाविक गति एवम् सुन्दरतामा बाधा सिर्जना भएको छ (ग्रार्ड, २००४, पृ. ०१)। यसबाट पर्यावरणीय पक्षमाथि मानिसको नकारात्मक हमला भइरहेको प्रस्ट हुन्छ।

पृथ्वी र प्रकृतिमाथि भइरहेका विनाश एवम् क्षयीकरणले प्रत्यक्ष र परोक्ष रूपमा हामीलाई नकारात्मक असर परिरहेको सन्दर्भ एकातिर छ भने अर्कातिर पर्यावरणीय सन्तुलनका लागि मानिसबाट हुनुपर्ने पहल पनि नभइरहेको अवस्था छ । प्रकृतिलाई मानिसले आफ्नो मात्र सम्पत्ति ठानेको र अझ पुँजीवादी मानसिकताले प्रकृतिको निरन्तर दोहन गरिरहेको वर्तमान अवस्थामा विद्यार्थीहरूमा पर्याशैक्षणिक चेतनाको विकास गर्न सकिने जानकारी एवम् विषयवस्तु सम्बन्धित कक्षाका पाठ्यपुस्तकमा समावेश गरी तदनुकूलका अभ्यासतर्फ अभिप्रेरित गर्नुपर्छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख निर्दिष्ट पाठ्यपुस्तमा समावेश भएका पर्यावरणीय सन्दर्भ एवम् सचेतता प्रकट भएका अभ्यासको विश्लेषणमा केन्द्रित छ । पुस्तकालय कार्यबाट तथ्य सङ्कलन विश्लेषण गरिएको यस लेख

आलोचनात्मक विश्लेषण ढाँचामा आधारित छ । प्रस्तुत लेख पूर्णतः गुणात्मक ढाँचाको छ । प्रस्तुत लेखमा प्राथमिक र द्वितीयक स्रोत गरी दुवै स्रोतका सामग्री सङ्कलन गरिएको छ । पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा नौ र दशका नेपाली पाठ्यपुस्तकमा समाविष्ट पर्यावरणसँग सम्बद्ध या पर्यावरणीय सन्दर्भ रहेका विविध विधागत पाठ, भाषिक सिपविकास लागि तयार पारिएका पूरक पाठ एवम् उक्त दुई पुस्तकमा समावेश भएका अभ्यास नै प्रस्तुत लेखका प्राथमिक स्रोत हुन् । त्यसैगरी पर्यावरणीय अध्ययन तथा समालोचनाका सैद्धान्तिक ग्रन्थ, तत्सम्बन्धी अनुसन्धान प्रतिवेदन, अनुसन्धानात्मक लेख एवम् आवश्यकताअनुसार विज्ञबाट लिइने सुझाव र सूचना यस लेखका द्वितीयक स्रोत सामग्री रहेका छन् ।

प्रस्तुत लेखमा तथ्य सङ्कलनका लागि पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरिएको छ । प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्री सङ्कलनका लागि पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । पर्यावरणीय अध्ययन, विश्लेषण एवम् समालोचनाको सैद्धान्तिक स्वरूप पहिचान र निर्धारण गरी पाठ विश्लेषण गरिएको छ । पाठ विश्लेषणका लागि सम्बद्ध प्राथमिक स्रोतका सामग्रीमा रहेका पर्यावरणीय सन्दर्भ भएका प्रत्येक उदाहरण या वाक्य या अनुच्छेद तथा चित्रहरू पहिचान गरी टिपोट गरिएको छ । उक्त टिपोट गरिएका पर्यावरणीय सन्दर्भसँग सम्बद्ध उदाहरणहरू नै प्रस्तुत लेखका मूल सूचना वा तथ्य हुन् । यस लेखमा प्राथमिक स्रोतबाट टिपोट गरिएका प्रत्येक सूचना या तथ्यको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा द्वितीयक स्रोतबाट प्राप्त सैद्धान्तिक सामग्रीको गहन पठन र मनन विश्लेषणको सुझ विकास गरिएको छ । उक्त सुझका आधारमा निर्दिष्ट पाठ्यपुस्तकमा रहेका सबै अभ्यासको पर्यावलोकन गरिएको छ । आलोचनात्मक विश्लेषणको ढाँचा अपनाइएको हुनाले पर्यावणीय दृष्टिले वाञ्छनीय ठहरेका, पर्यावरणीय पक्ष एवम् सचेतता भएका अभ्यासगत तथ्य निरूपण गरी विश्लेषणसहित निष्कर्ष निकालिएको छ ।

## प्राप्ति र विश्लेषण

यस लेखमा विश्लेषण गरिएका कक्षा नौ र कक्षा दशका नेपाली पाठ्यपुस्तकमा रहेका पाठगत, व्याकरणगत तथा रचनागत अभ्यास खण्डमा समावेश गरिएका पर्यावरणीय पक्षसँग सम्बन्धित अभ्यासको तथ्यगत विश्लेषण गरिएको छ ।

### कक्षा नौका पाठ्यपुस्तकमा समाविष्ट अभ्यास

कक्षा नौको पाठ्यपुस्तकमा व्याकरण अभ्यासअन्तर्गत शब्दवर्ग पहिचान क्षमता परीक्षणको अभ्यासमा दिइएको वाक्यमा पर्यावरणीय सन्दर्भ उल्लेख गरिएको छ :

> हिमाली जिल्ला मुस्ताङमा स्याउ, आलु, जौजस्ता फलफूल तथा अन्नबाली लगाइन्छ । यहाँका मानिस भेडा, च्याङ्ग्रा, चौरीलगायतका पशुपालन गर्छन् (पृ.०८) ।

माथिको उदाहरणमा नेपालको उच्च भौगोलिक स्थानमा उत्पादन हुने बाली तथा उक्त स्थानमा पालिने घरपालुवा जनावरको सन्दर्भ प्रस्तुत भएको छ । यस उदाहरणमा पर्याचेतनाको सङ्केत पाइँदैन तर परिवेशअनुसारका कृषि उपज एवम् जनावरको सन्दर्भले मानिस, वातावरण, कृषि एवम् पशुबिचको अन्तर्सम्बन्ध प्रस्ट बुझ्न सकिन्छ । यसलाई अभ्यासमा प्रस्तुत भएको पर्यावरणीय पक्षको उदाहरणका रूपमा

लिइएको हो । यस्ता अभ्यासले विद्यार्थीमा व्याकरणिक अभ्यासका सिलसिलामा पनि पर्यावरणीय सन्दर्भको जानकारी गराउने अपेक्षा गर्न सकिने भएकाले यसलाई सकारात्मक मान्न सकिन्छ।

पाठ्यपुस्तकमा सिर्जनात्मक अभ्यासका लागि कविता लेखन गराउने उद्देश्यले दिइएको कविता प्रारम्भिक अंशमा फूलबारी, फूल र तिनका रङ उल्लेख गरिएको छ। विद्यार्थीले उक्त दिइएको सन्दर्भसँगै सम्बन्धित भएका कविता तयार गर्नुपर्ने भएकाले उनीहरूमा रहेको फूलसँग सम्बद्ध ज्ञानका आधारमा रचना पूरा गर्न सक्ने देखिन्छ। यसले विद्यार्थीमा मानिस, फूल, फूलबारी, वातावरण आदिको अन्तर्सम्बन्धका बारेमा सुसूचित हुने अवस्था सिर्जना गर्ने देखिन्छ। तसर्थ यस्ता कार्यले विद्यार्थीलाई पर्यावरणीय पक्षतर्फ अभिमुख गराउन सकिने भएकाले यस्तो लेखन अभ्यास उपयुक्त हुन जान्छ।

> ढकमक्क फूल फुल्ने हाम्रो फूलबारी सयपत्री फूल फुल्ने .............. मखमली ..................... फूलबारी रङ्गीचङ्गी ................ फूल..... (पृ. ०९)।

निर्दिष्ट पाठ्यपुस्तकमा व्याख्या गर्ने अभ्यासका लागि राखिएको पङ्क्ति पर्यावरणीय सचेतना र सन्तुलनका लागि उपयुक्त छ । वातावरणका लागि आवश्यक पर्ने तत्त्वको पहिचान एवम् तिनको अन्तर्सम्बन्धसम्बन्धी विषयवस्तुसहितको अभ्यास गराउने अपेक्षा गरिएको तलको अभ्यासात्मक कार्य पर्याशैक्षणिक दृष्टिले महत्त्वपूर्ण मान्न सकिन्छ।

> हरियो तरकारी फलेको दृश्यले घरको सौन्दर्य वृद्धि हुन्छ र वातावरण पनि स्वच्छ बन्न पाउँछ। (पृ. ३२)।

माथिको पङ्क्तिमा पर्याचेतनामा केन्द्रित छ। घर वरपरको करेसाबारीमा हरियो तरकारी रोप्ने काम गरेको खण्डमा आफूलाई खान पनि हुने, वातावरण पनि स्वच्छ बन्ने, घरमा उत्पन्न भएका मलमा परिणत हुने भएकाले यस्ता अभ्यास पर्यावरणीय शैक्षणिकता दृष्टिले राम्रो मान्न सकिन्छ।

विश्लेष्य पाठ्यपुस्तकमा सिर्जनात्मक लेखनका रूपमा अनुच्छेद लेखन गराउने उद्देश्यले दिइएको शीर्षक पर्यावरणीय दृष्टिले सकारात्मक रहेको छ।

> 'फूलबारी' शीर्षकमा एउटा वर्णनात्मक अनुच्छेद तयार गर्नुहोस् (पृ. ३२)।

उक्त पाठ्यपुस्तकमा सिर्जनात्मक लेखनको अभ्यासका रूपमा राखिएको अनुभव लेखन नमुनामा पर्यावरणीय सन्दर्भको प्रस्तुति छ।

> मेरो नाम धनराज धामी हो। मेरो घर सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा पर्छ। मेरो घर भएको ठाउँ दार्चुलाको लेकम गाउँपालिका वडा नम्बर २ को धरमघर हो। म नौ कक्षामा पढ्छु। मेरो घरमा बुबा, आमा, दिदी, भाइ र म छौँ। मेरा आमाबुबाले खेती किसानी गर्नुहुन्छ। उहाँहरूले धान, गहुँ, कोदो, मकै फलाउनुहुन्छ। घरमा अन्न भियाएको दिन आफूले गरेको मिहिनेतको फल देखेर होला उहाँहरू असाध्यै खुसी हुनुहुन्छ। घर वरिपरि करेसाबारी पनि छ। हाम्रो घरको करेसाबारीमा घरमा खानका लागि बर्सैभरि तरकारी उत्पादन गरिन्छ। करेसाबारीको काममा दिदी र मैले पनि सघाउँछौँ। मैले करेसाबारीको बिरुवा र तरकारीमा हप्तामा दुई दिन पानी लगाउने गर्छु। पानी लगाउने दिनमा चाहिँ म विद्यालयबाट आएर गृहकार्य सकेपछि एकछिन खेल्छु र बिरुवामा पानी लगाउँछु। बिरुवामा पानी हाल्दा पानी खान पाएर

> बिरुवा र तरकारी निक्कै खुसी भएका हुन् कि भन्नैँ मलाई लाग्छ । यसरी आफ्नो पढाइ सकेर घरमा आमाबुबाको काममा सघाउन पाउँदा ज्यादै खुसीको अनुभव हुन्छ । आफैँले सिँचाइ गरेर उब्जाएको तरकारी खाँदाखेरि त मलाई साह्रै आनन्द पो आउँछ (पृ. ३३) ।

माथिको नमुनामा नेपालको सुदूरपश्चिममा पर्ने दार्चुलाको खेती किसानको सन्दर्भसहित वृक्षरोपण, तिनको संरक्षण आदिका बारेमा चर्चा गरिएको छ । तसर्थ यस्तो नमुना र अभ्यास पर्याशैक्षणिक दृष्टिले राम्रो रहको छ । उपर्युक्त नमुनामा पर्याचेतना पनि सबल किसिमले प्रस्तुत गरिएकाले यसलाई पर्यावरणीय सन्तुलनका दिशामा सकारात्मक कार्य मान्न सकिन्छ।

> तपाईँलाई कस्तो प्राकृतिक वातावरण मन पर्छ, कक्षामा सुनाउनुहोस् (पृ. ३३) ।

पाठ्यपुस्तका मौखिक वर्णनको अभ्यासका लागि दिइएको कार्य पर्यावरणीय दृष्टिले उपयुक्त छ । विद्यार्थीलाई मन पर्ने प्राकृतिक वातावरणका बारेमा लेख्न दिइएको कार्यमा विद्यार्थीले वातावरणसँग सम्बद्ध विषयवस्तुका ज्ञान हासिल गर्ने, मनन गर्ने र कक्षामा सुनाउन कार्य गर्दा निज विद्यार्थी तथा श्रोता विद्यार्थी सबैले कुन न कुनै प्रकृतिको पयावरण, पर्यावरणीय तत्त्व तथा तिनको सम्बन्धका बारेमा जानकारी हुने भएकाले यो अभ्यास पर्याशैक्षणिक दृष्टिले उपयुक्त रहेको छ।

> नेपालमा पर्यटन उद्योगको प्रचुर सम्भावना देखिन्छ । यहाँको प्रकृति र पर्यावरणले पर्यटकलाई आकर्षण गरिरहेको छ । यसको प्रवर्धनका लागि विदेशबाट पर्यटक आउँदा अतिथिको सम्मानमा माला लगाएर भव्य स्वागत गर्नुपर्छ (पृ. ५६) ।

माथिको उदाहरण विद्यार्थीको शब्दनिर्माण प्रक्रिया क्षमता परीक्षण गर्न र अभ्यास गराउनका लागि निर्माण गरिएको हो । यो पर्यावरणीय सचेतता एवम् पर्याशैक्षणिक पक्षसँग प्रत्यक्षतः सम्बद्ध देखिँदैन । उक्त कक्षाको पाठ्यपुस्तकमा राखिएको यस उदारहणमा प्रकृति र पर्यावरणको सामान्य सन्दर्भ मात्र रहेको भएकाले यसलाई सकारात्मक मान्न सकिन्छ।

> वायुमण्डल ओजन तह अतिवृष्टि पराबैजनी किरण क्लोरोफ्लोरो कार्बन नर्सरी अर्थ ओजन तह क्षयीकरण गर्ने एक किसिमको ग्याँस लामो समयसम्म टिकाउ हुने विकास पृथ्वीको चारैतिर रहेको हावाको आवरण पर्यावरणीय विविधता चाहिनेभन्दा बढी मात्रामा पानी पर्नु सूर्यका पराबैजनी किरणलाई छेकेर पृथ्वीसम्म आइपुग्न नदिने वायुमण्डलको तह सूर्यको प्रकाशमा रहेको हानिकारक विकिरण बिरुवा हुर्काउने ठाउँ बनाइएको हुन्छ (पृ. ६३) ।

> दिइएका पद पदावलीलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : पारिस्थितिक प्रणाली, अम्लीय वर्षा, हरितगृह प्रभाव, ग्लोबल वार्मिङ (पृ. ६३) ।

मथिको अनुच्छेद पर्यावरणीय सन्दर्भसँग सम्बद्ध छ । विद्यार्थीको शब्दभण्डार क्षमता विकास तथा परीक्षण गराउने उद्देश्यले यो समावेश गरिएको देखिन्छ । यस अनुच्छेदबाट विद्यार्थीमा ओजोन तहले पृथ्वीको सतह र वातावरणका लागि खेल्ने सकारात्मक भूमिकाका बारेमा सुसूचित गर्ने भएकाले यो पर्याशैक्षणिक दृष्टिले उपयुक्त रहेको छ । यति मात्र होइन कि यस अनुच्छेदका माध्यमबाट विद्यार्थीमा पर्याचेतनासमेत विकास हुने अपेक्षा गर्न सकिने भएकाले यसलाई राम्रो मान्न सकिन्छ।

'पर्यावरण सन्तुलन' संवादमा पर्यावरण संरक्षणबारे कस्तो विचार व्यक्त छ ? हामीले वातावरणीय सन्तुलन कायम गर्न कसरी सहयोग पुऱ्याउन सक्छौँ, उल्लेख गर्नुहोस् (पृ. ६६)।

पर्यावरणीय सचेतना र संरक्षणसम्बन्धी विद्यार्थीको ज्ञान एवम् मनोवृत्ति परीक्षण र विकास गर्ने गराउने उद्देशयले कक्षा नौका पाठ्युस्तकमा राखिएको समीक्षात्मक लेखनसम्बन्धी माथिको अभ्यासका पर्याशैक्षणिक दृष्टिले उपयुक्त र सान्दर्भिक देखिन्छ। त्यसै गरी मानिस, कृषि, पशुपालन एवम् दैनिकीसँग सम्बन्धित रही पर्यावरणीय अन्तसम्बन्धमा आधारित भई विद्यार्थीमा पर्यावरणीय सन्दर्भको जानकारी विकासको अपेक्षासहित अनुच्छेद रचनाको अभ्यासका लागि दिइएको तलको उदाहरण पनि पर्यावरणीय दृष्टिले उपयुक्त रहेको छ।

दिइएका पदावलीको प्रयोग गरी किसानका बारेमा एउटा अनुच्छेद तयार पार्नुहोस् : गाउँमा बस्नु, खेतीकिसानी गर्नु, गाईवस्तु पाल्नु, घाँसदाउरा गर्नु, ताजा खानेकुरा खानु, जीविका चलाउनु (पृ. ७४)।

विश्लेष्य पुस्तकमा पाठपरक रचनामा आधारित अभ्यास मात्र होइन व्याकरणसँग सम्बद्ध कतिपय अभ्यास पनि पर्याशैक्षणिक दृष्टिले उपयुक्त रहेका छन् । तल देखाइएको काल परिवर्तनसम्बन्धी पहिलो उदाहरण एवम् वाक्य संश्लेषणको अभ्यासका लागि दिइएका दोस्रो उदाहरणमा पनि मानिस, माटो, खेतीपाती तथा सौन्दर्यसँग केन्द्रित गरी पर्याचेतको विकासमा सहयोग पुऱ्याउने किसिमका रहेका छन् । तलको उदाहरणमा पनि वातावरणसँग सम्बन्धित ज्ञान एवम् व्यहार विकासको अपेक्षा गरिएको पाइन्छ।

हामी देश सेवामा लाग्छौँ। हामी आफ्नै माटामा परिश्रम गर्छौं। आधुनिक खेती प्रणाली अपनाएर अन्न उब्जाउछौँ। आफ्नै धर्तीलाई हराभरा बनाउछौँ। यसबाट देश विकासमा टेवा पुग्छ (पृ. ७९)।

सिन्धुली जिल्ला बाग्मती प्रदेशमा पर्छ। यहाँका किसान जुनार खेती गर्छन्। उनीहरू जुनार बिक्री गर्छन्। उनीहरूले प्रशस्त आर्थिक लाभ लिन्छन् (पृ. १४७)।

निर्दिष्ट पाठ्यपुस्तकमा समावेश गरिएको वर्ण पहिचान र पुनर्लेखनसम्बन्धी अभ्यासमा पनि पर्यावरणीय सन्दर्भ प्रस्तुत गरिएको छ। तलको पहिलो अनुच्छेदमा समयअनुसार बोटबिरुवाको स्वरूप तथा अवस्था परिवर्तन भइरहने र जतिबेला हरियाली हुन्छ त्यतिबेला सुन्दर देखिन, किसानहरू खुसी हुने अवस्था उल्लेख गरिएको छ। त्यस्तै दोस्रो अनुच्छेद वाच्यान्तरणको अभ्यासका लागि बनाइएको देखिन्छ। उक्त उदाहरणमा आँपको महत्त्व र उपयोगको सन्दर्भ छ। प्रत्यक्षतः यसको पर्याचेत विकासमा खासै महत्त्व नरहे तापनि पर्यावरणीय पक्षसँग सम्बन्धित छ।

दिइएको अनुच्छेदलाई 'ऋ' र 'रि' को उपयुक्त प्रयोग गरी पुनर्लेखन गर्नुहोस् : वसन्त रितुमा पृथ्वीमा हरियाली छाउने हुनाले कृषक अत्यन्त खुसी हुन्छन्। उनीहरू रिण खोजेर भए पनि खेतीपातीमा जुट्छन्। किसानहरू पऋश्रमी हुनाले उनीहरूको हात ऋत्तो हुँदैन । उनीहरू आफ्नो संस्कार, संस्कृति तथा ऋतिऋवाजलाई कहिल्यै बिर्सँदैनन् (पृ. १६७)।

मद्वारा आँप ल्याइयो। परिवारका सदस्यलाई आँप बाँडियो। धन्यवाद पाइयो। मिलेर आँप खाइयो (पृ. १७६)।

माथि उल्लेख गरिएका र यस्तै प्रकृतिका अन्य अभ्यासका माध्यमबाट विद्यार्थीमा प्रत्यक्ष या परोक्ष किसिमले पर्याचेत विकास गराउन सकिने हुनाले पर्याशैक्षणिक दृष्टिले उपयुक्त रहेको मानिन्छ । तसर्थ पर्यावरणीय सन्दर्भ मूल पाठमा मात्र होइन पाठगत अभ्यास तथा व्याकरणगत अभ्यासमा पनि समावेश गरी शिक्षक एवम् शिक्षार्थीलाई पर्यावरणीय पक्षसँग परिचित गराउन सकिन्छ। कक्षा नौको नेपाली पाठ्यपुस्तकका अभ्यास खण्डमा राखिएका पर्यावरणीय सन्दर्भ पर्याशैक्षणिक दृष्टिले उपयुक्त र प्रभावकारी रहेको देखिन्छ।

**कक्षा दशका पाठ्यपुस्तकमा समाविष्ट अभ्यास**

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा अभ्यासका लागि राखिएका पर्यावरणीय पक्षसँग सम्बन्धित सामग्री पाइन्छन् । शब्दभण्डार विकासका लागि दिइएको तलको अनुच्छेदमा घरपालुवा जनावर गाईका बारेमा केन्द्रित छ। मानिस र गाईबिचको अन्तर्सम्बन्ध उल्लेख गरिएको यस अनुचछेदको पठनबाट विद्यार्थी एवम् शिक्षकमा गाईपालनको फाइदासबन्धी जानकारी प्राप्त हुन्छ। यसलाई पर्याशैक्षणिक दृष्टिले सकारात्मक मानिन्छ।

गाई मानिसले पाल्ने घरपालुवा जनावर हो । यो चौपाया वर्गभित्र पर्छ। मानवका लागि गाईको दुध निकै पोसिलो हुन्छ । शरीर स्वस्थ राख्न तागतिला कुरा खानुपर्छ । दुग्ध र दुग्धजन्य पदार्थ बिक्री गरेर मान्छेले आर्थिक उपार्जन पनि गर्छन् । गाईपालनलाई व्यवसायका रूपमा प्रयोग गरेर धेरै आम्दानी गर्न सकिन्छ (पृ.०३) ।

अभिनय वा हाउभाउसहित भूमिका निर्वाहको अभ्यासका लागि तयास पारिएको कक्षा दशको अभ्यासमा मानिस, खेती तथा पानीको सम्बन्ध दर्साइएको छ । यसले खेतीपातीका लागि पानीको आवश्यकता बोध गराउने देखिन्छ भने कृषि उत्पादनमा जोड दिएको देखिन्छ। यो प्रत्यक्षतः पर्याचेत विकासका लागि उपयोगी सामग्री नभए तापनि पर्यावरणका सन्दर्भ उल्लेख भएकाले सकारात्मक मान्न सकिन्छ।

खेतमा रोपाइँको समय छ। घरमुली खेतराजले घरका सबै सदस्यलाई विभिन्न काममा खटाउँदै छन् । उनले जेठा छोरालाई भने, “बाबु, तिमी खेतमा पानीको बन्दोबस्त गर्न जाऊ” । यसै गरी कान्छा छोरालाई खेतमा आली लगाउने काम गर्न खटाए। छोरीलाई धानको बिउ काढ्न पठाए। बुहारी र माइला छोरालाई धान रोप्ने काममा जान भने (पृ. २१)।

अनुभव वर्णन सिपको विकास एवम् अभ्यासका लागि दिइएको तलको अनुच्छेद पूर्णतः पर्यावरणीय सन्दर्भमा केन्द्रित छ । यसका माध्यमबाट विद्यार्थी एवम् शिक्षकमा पर्यावरणीय तत्त्वको सहसम्बन्ध एवम् तिनको संरक्षणका लागि सचेतना विकास गर्न सकिन्छ। त्यस्तै पर्यावरणीय सन्तुलन र संरक्षणका लागि पनि संवेदनशील बन्न अभिप्रेरित गर्न गराउन सकिन्छ। तसर्थ यस्ता अभ्यासका माध्यमबाट पर्यावरणप्रति सजग र सचेत बन्न उत्प्रेरणा प्राप्त हुने भएकाले पर्याशैक्षणिक दृष्टिले यी सान्दर्भिक र प्रभावकारी देखिन्छन्।

हावा, पानी, माटो, आदि जैविक वस्तुको अस्तित्वका लागि वातावरण संरक्षण अति आवश्यक हुन्छ। यी जैविक वस्तुमा भएको वातावरण विनाशको मात्राले पनि वातावरणमा बृहत् प्रभाव पार्छ। वनजङ्गल र जलमा पाइने प्राणी तथा वनस्पति मानिसको अस्तित्वका लागि आवश्यक हुन्छन् । वनजङ्गल, जल आदिको अस्तित्व सङ्कटमा पर्नु भनेको मानव जीवन नै पूर्ण सङ्कटमा पर्नु हो । अनियन्त्रित रूपमा डोजर चलाई प्राकृतिक स्रोतसाधनको दोहन, होहल्ला, आवाज तथा हर्न, कलकारखानाको ध्वनि, सिमेन्ट, गिट्टी उद्योग, इँटा उद्योग आदिले वातावरण बिनाश भयो भने सर्वसाधरणको स्वास्थ्यमा प्रतिकूल असर

पर्छ । फोहोरमैला व्यवस्थापनका लागि उचित ल्यान्डफिल्ड साइड भएन भने पनि वातावरण विनाश हुन्छ । घरायसी प्रयोजन, कारखाना, अस्पताल, सडेगलेका वस्तु आदिबाट हानिकारक फोहोरमैला निस्कने हुँदा तिनको व्यवस्थापनबाट मानव स्वास्थ्यमा अनुकूल प्रभाव पर्छ (पृ. ३५) ।

निर्दिष्ट पाठ्यपुस्तकमा राखिएको वाक्य परिवर्तनसम्बन्धी तलको पहिलो अनुच्छेदमा मानिस, पशुपालन, कृषिबिच सहसम्बन्ध दर्साइएको छ। त्यस्तै भाषिक संरचना र वर्णविन्यासका विकास तथा अभ्यासका लागि दिइएको दोस्रो उदाहरणमा पनि मानिसको खानपानका विषयवस्तु उठान गरिएको छ। पर्याचेत नभए पनि पर्यावरणीय सन्दर्भ रहेका यी उदाहरण पर्याशैक्षणिक दृष्टिले सकारात्मक देखिन्छ।

> संस्कृतिलाई कृषि व्यवसाय गर्ने रहर थियो । यसका लागि उनले पाँचथरमा पारिलो घाम लाग्ने जग्गा किनिन् । गाई, भैंसी र बाख्रा पनि किनेर ल्याइन् । कृषि व्यवसायबाट उनले प्रशस्त आम्दानी गरिन् । उनले गाउँका १५ जनालाई रोजगारी पनि दिइन् (पृ. ८६) ।

> गौरवले गहुँको रोटी खान्छन् भने मैदाको रोटी खान्नन् । सलिनाले स्याउ असाध्यै रुचाउँछिन् भने सुन्तला त्यति रुचाउन्निन् । सुदीक्षा सधैँ सबैसँग बोल्छिन् तर तिनै कहिलेकाही सबैसँग बोल्दिनन् । वैज्ञानिकहरूका अनुसार पृथ्वी गोलो छ तर ज्योतिषीका अनुसार पृथ्वी गोलो छैन। गङ्गाराम गुरु रायोको साग खुब मिठो मान्नुहुन्छ तर उहाँ फापरको साग खासै मिठो मान्नुहुन्न (पृ. १३९) ।

पदक्रम परिवर्तनको अभ्यास एवम् सिकाइका लागि कक्षा दशको पाठ्यपुस्तकमा राखिएको तलको पहिलो सामग्रीमा बालबालिका पर्यावरण र मौलिकतासँग साझेदारी गर्न रुचाउने देखाइएको छ। बालबालिका हुने प्रकृतिप्रेम पर्यावरणीय दृष्टिले उच्च महत्ताको रहन्छ । परेवासँगको साक्षात्कारमा बालक रमाएको देखाइएको यस उदाहरणमा बालक, परेवा तथा रुखबिचको त्रिकोणात्मक सम्बन्ध दर्साइएको छ। त्यसै गरी शब्दभण्डारको विकासका लागि प्रस्तुत दोस्रो सामग्रीमा नेपाली पहाडी क्षेत्र सिन्धुली जिल्लाको आसपासमा रहेको पर्यावरणीय सन्दर्भसहित कृषि पेसाका बारेमा विषयवस्तु प्रस्तुत गरिएको छ। मानिस, कृषि उत्पादन, भौगोलिक परिवेश, नेपाली संस्कृति र फूलको सम्बन्ध उल्लेख गरिएको उदाहरणमा पर्यावरणीय अन्तर्ससम्बन्ध, नेपाली संस्कृतिका शैली र आर्थिक उपार्जनका पक्ष समेटिएको छ। शिक्षक एवम् शिक्षार्थीमा पर्यावरणीय सन्दर्भसँग परिचति गराई त्यसतर्फ अभिमुख तुल्याउन सक्ने भएकाले यस्ता अभ्यास एवम् उदाहरणलाई पर्याशैक्षणिक दृष्टिले सकारात्मक मानिन्छ।

> बालक परेवाको हुलनिर पुग्यो । सेता परेवा भुरुर्र उडे। बालक पनि सेता परेवासँग भुरुर्र उड्न खोज्यो। परेवा परको रूखमा गएर बसे । बालकले परेवालाई हेऱ्यो । परेवाले माकुरघुर गरी कराए । परेवाले बालकलाई बाइबाइ भने होलान् । बालकले हात उठाएर परेवालाई बोलाएको इसारा गऱ्यो । परेवाले भोलि आउँला भने (पृ. २१६) ।

> पाञ्चायन शर्माले सुनकोसी र तामाकोसीको सङ्गमस्थल खुर्कोट नजिक आफ्नै खेतमा कृषि खेती गरेका छन् । उनले आँप, मेवा, कटहर, केरा, जुनारजस्ता फलफूल लगाएका छन् । त्यससँगसँगै काउली, मुला, गाँजर, आलु आदि तरकारी र रायो, तोरी, चम्सुर, पालुङ्गोको साग पनि कलकलाउँदो बनाएका छन् । नेपालीको महान् चाड तिहारमा फूलको बढी माग हुने कारण सयपत्री, मखमली, गोदावरी, बाबरी

आदि फूलहरू पनि प्रशस्त फुलाएका छन्। उनले यसैबाट पर्याप्त आर्यआर्जन गरी आफ्नो जीविकोपार्जन राम्रोसँग चलाएका छन् (पृपृ.२२७ – २२८)।

पदक्रम परिवर्तनको अभ्यास एवम् सिकाइका लागि कक्षा दशको पाठ्यपुस्तकमा राखिएको तलको पहिलो सामग्रीमा बालबालिका पर्यावरण र मौलिकतासँग साझेदारी गर्न रुचाउने देखाइएको छ। बालबालिका हुने प्रकृतिप्रेम पर्यावरणीय दृष्टिले उच्च महत्ताको रहन्छ । परेवासँगको साक्षात्कारमा बालक रमाएको देखाइएको यस उदाहरणमा बालक, परेवा तथा रुखबिचको त्रिकोणात्मक सम्बन्ध दर्साइएको छ। त्यसै गरी शब्दभण्डारको विकासका लागि प्रस्तुत दोस्रो सामग्रीमा नेपाली पहाडी क्षेत्र सिन्धुली जिल्लाको आसपासमा रहेको पर्यावरणीय सन्दर्भसहित कृषि पेसाका बारेमा विषयवस्तु प्रस्तुत गरिएको छ। मानिस, कृषि उत्पादन, भौगोलिक परिवेश, नेपाली संस्कृति र फूलको सम्बन्ध उल्लेख गरिएको उदाहरणमा पर्यावरणीय अन्तर्सम्बन्ध, नेपाली संस्कृतिका शैली र आर्थिक उपार्जनका पक्ष समेटिएको छ। शिक्षक एवम् शिक्षार्थीमा पर्यावरणीय सन्दर्भसँग परिचति गराई त्यसतर्फ अभिमुख तुल्याउन सक्ने भएकाले यस्ता अभ्यास एवम् उदाहरणलाई पर्याशैक्षणिक दृष्टिले सकारात्मक मानिन्छ।

## निष्कर्ष

यस लेखमा माध्यमिक तह कक्षा नौ र दशका वर्तमान नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासको पर्याशैक्षणिक दृष्टिले विश्लेषण गरिएको छ । निर्दिष्ट पाठ्यपुस्तकका अभ्यासमा पर्याचेतसहित पर्यावरणीय सन्दर्भ सामान्य किसिमले उपयोग गरेको देखिन्छ। कक्षा नौको नेपाली पाठ्यपुस्तकमा राखिएका पाठगत, व्याकरणगत र सिर्जनात्मक अभ्यासमध्ये १३ ओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ समावेश गरिएका छन्। तीमध्ये जम्मा चारओटा अभ्यास पर्याचेतमा केन्द्रित देखि भने नौओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ मात्र राखिएको छ। त्यसैगरी कक्षा दशका पाठ्यपुस्तकमा राखिएका समग्र अभ्यासमध्ये छओटा अभ्यासमा पर्यावरणीय पक्ष रहेका छन्। तीमध्ये पाँचओटा अभ्यासमा पर्यावरणीय चेतना विकासको अपेक्षाभन्दा भन्दा पर्यावरणीय विषयवस्तु मात्र रहेको देखियो तर मएउटा अभ्यासमा भने पर्याचेतको विकासका लागि सोद्देश्यमूलक अभ्यास राखिएको छ। तुलनात्मक आधारमा कक्षा नौका जम्मा १३ ओटा अभ्यास पर्यावरणीय सन्दर्भसहित रहेकामा चारओटामा पर्याचेत सबल छ भने कक्षा दशका जम्मा छओटा अभ्यासमा पर्यावरणीय सन्दर्भ रहेकामा एउटा अभ्यासमा मात्र पर्याचेतको पक्ष समाविष्ट छ। कक्षा दशका तुलनामा कक्षा नौको पाठ्यपुस्तकमा समाविष्ट अभ्यास पर्यावरणीय दृष्टिले उपयुक्त छन्।

विश्लेषण गरिएका निर्दिष्ट पाठ्यपुस्तकको पर्याशैक्षणिक दृष्टिले मूल्याङ्कन गर्दा वर्तमान समयमा विकास गराउनुपर्ने पर्यावरणीय सन्तुलन एवम् संरक्षणका लागि विद्यार्थी तथा शिक्षकमा ज्ञान, सुझ तथा व्यवहार विकासका निम्ति अपर्याप्त देखिन्छन्। समकालीन समय विश्वमा नै पर्यावरणीय सन्तुलन तथा संरक्षणका लागि व्यापक कार्यक्रमहरू सञ्चालन भइरहँदा नेपालका विद्यार्थीहरू जो माध्यमिक तहमा अध्ययनरत छन्, तिनमा सोसम्बन्धी सचेतना विकास गर्ने हेतुसहितका अभ्यास निर्माण गर्न सकिन्छ। पर्यावरणसँग सम्बद्ध पाठमा त तदनुकूलका अभ्यास हुने नै भए। ती पाठबाहेकका सिपगत अभ्यासका सामग्री एवम् संरचना तथा शब्दभण्डाको विकासका अभ्यासमा पनि पर्यारणीय पक्षतर्फको सचेतताई प्रविष्ट गर्न सकिन्छ। माध्यमिक तहका विद्यार्थीको उमेर सामाजिक तथा प्राकृतिक उत्तरदायित्वको भाव विकास हुने

आधार उमेर पनि भएकाले ती कक्षामा पर्याचेत भएका अभ्यास सामग्री समावेश गरी पर्याशैक्षणिक पक्षलाई सबल बनाउनुपर्ने देखिन्छ।

## सन्दर्भ सामग्रीहरू


अधिकारी, हेमाङ्गराज (२०६७). *नेपाली भाषाशिक्षण.* विद्यार्थी पुस्तक भण्डार।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल।

एटम, नेत्र (२०६९). *'पर्याविरणीय समालोचना'. रत्न बृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड.* रत्न पुस्तक भण्डार।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* एकता बुक्स।

एटम, नेत्र (२०७८) *'मोदिआइन्' उपन्यासमा पर्यावरणीय नारीवाद.* प्रज्ञा.(अङ्क २. पूर्णाङ्क १२०). नेपाल प्रज्ञा प्रतिष्ठान।

कान, रिचार्ड (सन्.२०१०). *क्रिटिकल पेडागोजी, इकोलिटरेसी एन्ड प्लानेटरी क्राइसिस्.* पिटर ल्याङ पब्लिसिङ।

केरिज, रिचार्ड (सन्.२००६). *इन्भारमेन्टालिज्म एन्ड इकोक्रिटिसिज्म लिटरेरी.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

खनाल, पेशल (२०६८). *शैक्षिक अनुसन्धान पद्धति.* सनलाइट प्रकाशन।

खनाल, राजेन्द्र (सन् २०२०). 'ओक्कल दोक्कल पिपलपात कविता सङ्ग्रहमा प्रतीकविधान'. इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन. भोलुम – ५, (पृपृ. १५९–१६८). अनुसन्धान व्यवस्थापन एकाइ. शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.. कीर्तिपुर DOI : https://doi.org/10.3126/ire.v5i1-2.34746

खनाल, राजेन्द्र (सन् २०२३). 'प्रिय मौनता' कविता सङ्ग्रहमा प्रतीकको उपयोग'. इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन. भोलुम – ८, (पृपृ.२२–३०). अनुसन्धान व्यवस्थापन एकाइ. शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर DOI: https://doi.org/10.3126/ire.v8i1.56723

ग्रार्ड, ग्रेग (सन् २००४). *इकोक्रिटिसिज्म,* रट्लेज।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन।

ग्लोटफेल्टी, सेरिल एन्ड ह्यारोल्ड, फ्रोम (सन्.१९९६). *द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी.* युनिभर्सिटी अफ जर्जिया प्रेस।

ट्यालर, पौल डब्लु (सन् २०११). *रेस्पेक्ट फर नेचर.* प्रिन्स्टन युनिभर्सिटी प्रेस।

ढकाल, शान्तिप्रसाद (२०७३). *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति.* पिनाकल पब्लिकेसन।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४). *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति.* एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स।

त्रिपाठी, गीता (२०७६). *समकालीन नेपाली कथामा पर्यावरण.* प्रज्ञा समकालीन नेपाली कथाविमर्श. नेपाल प्रज्ञा प्रतिष्ठान।

थपलिया, गीता (२०७५). *आधुनिक नेपाली कवितामा पर्यावरण चेतना.* विद्यावारिधि शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर।

न्यौपाने, महेन्द्र (२०७९) *ब्लु प्लानेट कथासङ्ग्रहमा पर्यावरण.* त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर, काठमाडौँमा प्रस्तुत लघु अनुसन्धान प्रतिवेदन।

पाठ्यक्रम विकास केन्द्र (२०७९). *नेपाली* (कक्षा ९). नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

पाठ्यक्रम विकास केन्द्र (२०८०). *नेपाली* (कक्षा १०). नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

पोखेल, गोकुल (२०७२). *'नदी किनाराका माझी' काव्यसङ्ग्रहमा पर्यावरण.* दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर।

पोखेल, गोकुल (२०७५). *सिमसारका राजदूत काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध.* प्रज्ञा. (अङ्क १. पूर्णाङ्क ११७). नेपाल प्रज्ञा प्रतिष्ठान।

पोखरेल, बालकृष्ण र अन्य (२०७५). *नेपाली बृहत् शब्दकोश.* (सम्पा.). नेपाल प्रज्ञा प्रतिष्ठान।

फ्रेरे, पाउलो (सन् २००५). *पेडागोजी अफ द अप्रेस्ड.* द कन्टिनम इन्टरनेसनल पब्लिसिङ ग्रुप।

बन्धु, चूडामणि (२०७५). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* रत्न पुस्क भण्डार।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स।

भट्टराई, रमेश (२०७०). *समय सौन्दर्य : पर्यावरण र कविता.* विवेक सिर्जनशील प्रकाशन प्रा. लि.।

मिसियजेक, ग्रेग विलियम्स (सन् २०२२), *इकोपेडागोजी,* ब्लुम्स बरी पब्लिसिङ।

रेग्मी, अनुपमा (२०६९). *पर्यावरणीय समालोचनाको परिचय.* समकालीन साहित्य. (अङ्क २. पूर्णाङ्क ६९). नेपाल प्रज्ञा प्रतिष्ठान।